दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३८ | अंक २६७ | बुटवल | २०८३ असोज २७ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday October 13, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## पूर्व सांसद एवं वाम नेता डा. विजय पौडेलको निधन



बुटवल। पूर्वसांसद एवं नेकपा संयुक्तका नेता डा. विजय पौडेलको निधन भएको छ। उनको कीर्तिपुर अस्पतालमा निधन भएको हो।

कीर्तिपुर अस्पतालका कार्यकारी निर्देशक डा.किरण नकर्मीका अनुसार पौडेललाई अस्पताल ल्याइपुऱ्याउँदै निधन भइसकेको थियो। आकस्मिक कक्षमा जाँच गर्दा उनको निधन भइसकेको नकर्मीले बताए।

उनी एमालेको राजनीतिमा लामो समय सक्रिय थिए। एमालेबाट माधव नेपालको समूह छुट्टिएपछि उनी एकीकृत समाजवादीमा थिए। एकीकृत समाजवादी र तत्कालीन माओवादी एकता प्रक्रियामा जाने भएपछि उनी त्यसमा असहमति राख्दै नेकपा संयुक्तमा सक्रिय भएका थिए। उनले जनता टिभी पनि सञ्चालन गर्दै आएका थिए।

उनी पुराना वामपन्थी नेता मोदनाथ प्रश्रितका छोरा हुन्। उनी नेकपा एमाले रुपन्देहीका पुर्व सचिव समेत हुन्।

## पूजा 'घ्यू' बिक्री वितरण गर्न प्रतिबन्ध

बुटवल। पूजा, होम, हवन र बत्ती बाल्न प्रयोग हुने रसायन तथा खनिज तेल मिसिएको चिल्लो पदार्थलाई 'घिउ' का रूपमा उत्पादन तथा बिक्री वितरण गर्न सरकारले प्रतिबन्ध लगाएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सूचना जारी गर्दै अखाद्य पदार्थ खाने घिउसँग मिल्दोजुल्दो बनाएर बेच्ने कार्यमा रोक लगाएको हो। बजार अनुगमन र उपभोक्ता गुनासोका आधारमा विभागले यस्तो कदम चालेको बताएको छ। विभागका अनुसार केही व्यवसायीले वनस्पति घिउ, बेकरी सर्टेनिङ, परिष्कृत तेलमा बासना, प्याराफिन, खनिज तेल र अन्य रासायनिक पदार्थ मिसाएर पूजाका लागि भन्दै चिल्लो पदार्थ उत्पादन गरिरहेका छन्। यस्ता पदार्थको रङ, गन्ध, प्याकेजिङ र प्रस्तुति खाने घिउको जस्तै हुने भएकाले उपभोक्ता झुक्किएर भान्सामा प्रयोग गर्न सक्ने गम्भीर जोखिम देखिएको विभागको ठहर छ। यसैलाई मध्यनजर गर्दै खाद्य उद्योगको अनुमतिपत्र लिएका उत्पादकलाई यस्ता चिल्लो पदार्थ उत्पादन तथा बिक्री वितरण नगर्न विभागले निर्देशन दिएको छ। सरकारले खाने घिउ, वनस्पति घिउ र बेकरी सर्टेनिङको छुट्टै मापदण्ड तोकेको छ। त्यसैले पूजा वा दीप प्रज्ज्वलनका लागि तयार पारिएको चिल्लो पदार्थलाई 'खाद्य घिउ', 'बेकरी सर्टेनिङ' वा 'पूजा घिउ' का नाममा उत्पादन, भण्डारण र बिक्री वितरण गर्न पूर्णरूपमा प्रतिबन्ध लगाइएको छ।

अब उप्रान्त कसैले पूजा, होम वा दीप प्रज्ज्वलनका लागि मात्रै चिल्लो पदार्थ उत्पादन तथा बिक्री गरे, त्यसको प्याकेटको अगाडिको भागमा स्पष्ट देखिने गरी 'खानको लागि होइन' भनेर लेख्नुपर्ने छ।

त्यस्तै त्यसमा ठूलो फन्टमा कालो क्रस चिह्न अनिवार्य राख्नुपर्ने व्यवस्था विभागले गरेको छ। यस्ता अखाद्य पदार्थको लेबलमा घिउ, वनस्पति घिउ वा बेकरी सर्टेनिङ जस्ता शब्द प्रयोग गर्न पाइने छैन।

त्यसैगरी खानयोग्य घिउ, वनस्पति घिउ वा बेकरी सर्टेनिङका हकमा भने खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिमको लेबल विवरण अनिवार्य रूपमा खुलाएर मात्र उत्पादन तथा बिक्री वितरण गर्नुपर्ने छ। २०८१ बमोजिम कडा कारबाही हुने चेतावनी समेत दिइएको छ।

### गौमुखीमा बेरुजुको चाङ:

# ८ करोडभन्दा बढी रकम फछ्र्यौट हुन बाँकी

असुल गर्नुपर्ने रकम असुल नगर्नु, प्रमाण कागजात पूरा नगर्नु, बैंक हिसाव नमिलाउनु र आर्थिक विवरणमा कारोबार छुटाउनुजस्ता विषयलाई पालिकाले बेवास्ता गर्दा बेरुजुको चाङमाथि चाङ लागेको छ।

**लवकुमार अधिकारी**
*प्यूठान*



प्यूठानको गौमुखी गाउँपालिकामा आर्थिक अनुशासन, बेरुजु फछ्र्योट र वित्तीय व्यवस्थापनमा गम्भीर कमजोरी देखिएको छामहालेखापरीक्षकको प्रतिवेदनले गाउँपालिकाको बेरुजु, खर्चको पारदर्शिता, बैंक मौज्दातको हिसाब मिलान तथा आर्थिक विवरण तयार गर्ने प्रक्रियामाथि प्रश्न उठाएको हो।

प्रतिवेदनअनुसार गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणका क्रममा सुरुमा १ करोड ७१ लाख ४७ हजार ५०४ रुपैयाँ बेरुजु देखिएको थियो। लेखापरीक्षणकै क्रममा तथा सम्परीक्षणबाट ४७ लाख ६२ हजार ६ सय ५८ रुपैयाँ फछ्र्योट भएपछि अन्तिम बेरुजु १ करोड २३ लाख ८४ हजार ८ सय ४६ रुपैयाँ कायम भएको उल्लेख छ।

तर गाउँपालिकाको समस्या चालु आर्थिक वर्षमा देखिएको बेरुजुमा मात्र सीमित छैन।अघिल्ला वर्षको समेत हिसाब जोड्दा गाउँपालिकामा ८ करोड ३३ लाख रुपैयाँभन्दा बढी बेरुजु बाँकी रहेको प्रतिवेदनले देखाउँछ। सार्वजनिक रकमको खर्च र त्यसको हिसाबकिताब व्यवस्थित राख्नुपर्ने स्थानीय सरकारमै वर्षौंदेखि बेरुजु थुप्रिनुले वित्तीय जवाफदेहितामाथि प्रश्न खडा गरेको छ।

**असुल गर्नुपर्ने रकमदेखि अनियमित खर्चसम्म**

६३ औं महालेखापरीक्षकको प्रतिवेदनको मुख्य विवरणअनुसार अन्तिम बेरुजुमा ५ लाख ७३ हजार ७ सय ७ रुपैयाँ असुलउपर गर्नुपर्ने रकम, ८७ लाख ५० हजार ४ सय ३७ रुपैयाँ नियमित गर्नुपर्ने बेरुजु, ३ लाख ६० हजार ७ सय २ रुपैयाँ प्रमाण कागजात पेस नभएको रकम र २७ लाख रुपैयाँ पेस्की रहेको उल्लेख छ।

असुलउपर गर्नुपर्ने रकम सम्बन्धित व्यक्ति, संस्था वा जिम्मेवार पक्षबाट कानुनअनुसार उठाउनुपर्ने हुन्छ। त्यस्तै, नियमित गर्नुपर्ने बेरुजुमा आवश्यक प्रक्रिया र कानुनी आधार पूरा गरी हिसाब मिलाउनुपर्ने हुन्छ।प्रमाण कागजात नपुगेको रकममा खर्च पुष्टि गर्ने कागजात पेस गर्नुपर्ने हुन्छ भने पेस्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने हुन्छ। यी रकम समयमै असुल, नियमित र फछ्र्योट नगरे सार्वजनिक वित्तीय व्यवस्थापन कमजोर हुने तथा सरकारी रकमको उपयोगबारे नागरिकले स्पष्ट जानकारी पाउन नसक्ने जोखिम बढ्ने देखिन्छ।

**बैंक मौज्दात र लेखा हिसाबमै ६९ लाखको अन्तर**

अन्तिम लेखा परिक्षण प्रतिवेदनले गाउँपालिकाको बैंक मौज्दात र लेखा विवरणबीच ६९ लाख ३२ हजार २ सय ६१ रुपैयाँ ४४ पैसाको अन्तर रहेको विषयसमेत औंल्याएको छ। बैंक हिसाब मिलान नगर्नु र लेखा विवरण अद्यावधिक नराख्नु वित्तीय व्यवस्थापनको गम्भीर कमजोरी समेत मलेपले लेखेको छ। पालिकाले सरकारी खातामा रहेको रकम र लेखा प्रणालीमा देखिएको मौज्दातबीच अन्तर देखिएपछि त्यसको कारण खुलाउनु, बैंक हिसाब मिलान गर्नु र अभिलेखलाई वास्तविक अवस्थासँग मिलाउनु आवश्यक हुन्छ। यद्यपि, बैंक मौज्दात र लेखाबीचको अन्तर देखिनु मात्रले रकम हिनामिना भएको प्रमाणित गर्दैन। यसको वास्तविक कारण सम्बन्धित कागजात र हिसाब परीक्षणबाट स्पष्ट हुनुपर्नेमा त्यस्तो नभएको प्रतिवेदन रिपोर्टमा देखिन्छ। त्यस्तै, १९ करोड ४९ लाख ९४ हजार २० रुपैयाँ बराबरको अन्तरसरकारी कारोबार एकीकृत वित्तीय विवरणमा समावेश नगरिएको विषय पनि प्रतिवेदनमा उल्लेख छ। यति ठूलो कारोबार वित्तीय विवरणमा छुट्दा गाउँपालिकाको समग्र आर्थिक अवस्थाको चित्र स्पष्ट हुन नसक्ने जोखिम हुन्छ।

**असारमा हतार–हतार खर्च गर्ने प्रवृत्ति**

गाउँपालिकाको पुँजीगत खर्चमध्ये ६०.२४ प्रतिशत अन्तिम त्रैमासिकमा भएको र ४५.२८ प्रतिशत असार महिनामै खर्च भएको प्रतिवेदनमा उल्लेख छ। आर्थिक वर्षको अन्त्यमा ठूलो हिस्सा खर्च हुने प्रवृत्तिले योजना कार्यान्वयनको गुणस्तर, खर्चको प्रभावकारिता र अनुगमनको अवस्थाबारे प्रश्न उठाउँछ।

विकास बजेट समयमै खर्च गर्नु, योजनाको काम गुणस्तरीय बनाउनु र भुक्तानीअघि आवश्यक प्रक्रिया पूरा गर्नु पालिकाको जिम्मेवारी हो। आर्थिक वर्षको अन्तिम महिनामा अत्यधिक खर्च केन्द्रित हुँदा कामको गुणस्तर परीक्षण र खर्चको प्रभावकारी अनुगमन कमजोर हुन सक्ने भएकाले यस विषयमा गाउँपालिकाले स्पष्ट पार्नुपर्ने देखिन्छ।

**पुराना दायित्वमा पनि अनियमितता**

प्रतिवेदनमा इन्धन, मोटरसाइकल मर्मत, स्टेशनरीलगायत पुराना दायित्वसँग सम्बन्धित २ करोड ७ लाख ५० हजार २९ रुपैयाँ खर्चलाई अनियमितताका रूपमा औंल्याइएको उल्लेख छाउदाहरणका रूपमा जीवनदान सप्लायर्सको इन्धन खर्च ५ लाख २६ हजार ३६५ रुपैयाँ, मदन मोटरसाइकल मर्मतको ४ लाख ११ हजार ४५३ रुपैयाँ र ए टु जेड सप्लायर्सको स्टेशनरी खर्च ५ लाख ८६ हजार ३ सय रुपैयाँ उल्लेख गरिएको छ। सार्वजनिक खरिद, भुक्तानी र खर्चको अभिलेखमा आवश्यक प्रक्रिया पूरा भए-नभएको विषय महालेखाको परीक्षणको दायरामा पर्छायस्ता खर्चबारे सम्बन्धित बिल, भर्पाई, निर्णय र अन्य प्रमाणका आधारमा स्पष्ट जवाफ दिनु गाउँपालिकाको दायित्व हो।

**तलब भुक्तानी र जनशक्ति व्यवस्थापनमा पनि प्रश्न**

मलेपको प्रतिवेदनमा ४ करोड ११ लाख २० हजार रुपैयाँ तलब तथा भत्तासम्बन्धी खर्च स्वीकृत तलब विवरणबिना भुक्तानी भएको विषयसमेत उल्लेख गरेको छ। सरकारी रकमबाट तलब तथा भत्ता भुक्तानी गर्दा स्वीकृत दरबन्दी, कर्मचारी विवरण, हाजिरी र आवश्यक कागजात व्यवस्थित हुनुपर्ने हुन्छ। त्यस्तै, गाउँपालिकामा स्वीकृत ४४ दरबन्दीमध्ये लेखापरीक्षणको समयमा २५ पद मात्र पूर्ति भएको उल्लेख छ। जनशक्ति अभावले सेवा प्रवाहमा असर पर्न सक्ने भए पनि उपलब्ध जनशक्तिबाट वित्तीय अभिलेख, योजना अनुगमन र प्रशासनिक काम प्रभावकारी बनाउनुपर्ने चुनौती गाउँपालिकासामु देखिन्छ।

**जवाफदेहिता कसले लिने ?**

महालेखापरीक्षकको प्रतिवेदनले देखाएका बेरुजु र वित्तीय कमजोरीले गाउँपालिकाको आर्थिक कारोबारलाई पारदर्शी, व्यवस्थित र जवाफदेही बनाउन थप सुधार आवश्यक रहेको संकेत गर्छ। बेरुजु देखिनु मात्रले भ्रष्टाचार प्रमाणित हुँदैन, तर असुल गर्नुपर्ने रकम असुल नगर्नु, प्रमाण कागजात पूरा नगर्नु, बैंक हिसाब नमिलाउनु र आर्थिक विवरणमा कारोबार छुटाउनुजस्ता विषयलाई पालिकाले बेवास्ता गर्दा बेरुजुको चाङ्ग माथि चाङ्ग लागेको देख्न सकिन्छ।

» बाँकी ३ पेजमा

### रूपन्देही उद्योग संघको ४८औं साधारणसभा:

## उद्योगीका समस्या समाधान गर्न तीनै तहका सरकारसँग आग्रह




बुटवल। रूपन्देहीका उद्योगीहरूले उद्योग व्यवसाय सञ्चालनका क्रममा भोग्नुपरेका नीतिगत समस्या, करको भार, जग्गाको अभाव, बैंकबाट ऋण लिन कठिनाइ तथा औद्योगिक क्षेत्र व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न तीनै तहका सरकारसँग आग्रह गर्नुभएको छ। रूपन्देही उद्योग संघको सोमबार बुटवलमा सम्पन्न ४८औं साधारणसभामा सहभागी उद्योगीहरूले उद्योगमैत्री वातावरण निर्माण, लगानीको सुरक्षा र निजी क्षेत्रको मनोबल बढाउने नीति आवश्यक रहेको बताए।

कार्यक्रममा अध्यक्ष कृष्णप्रसाद पराजुलीले संघको धारणा प्रस्तुत गर्दै उद्योगीहरूले विभिन्न शीर्षकमा धेरै स्थानमा कर तिर्नुपरेको, उद्योग विस्तारका लागि पर्याप्त जग्गा उपलब्ध नभएको तथा नीतिगत जटिलताका कारण व्यवसाय सञ्चालनमा कठिनाइ भएको गुनासो गरेका थिए। उनले स्वदेशी उद्योगीलाई टिकाउने नीति बनाउन तीनै तहका सरकारको ध्यानाकर्षण गराए।

साधारणसभाको उद्घाटन गर्दै प्रमुख अतिथि लुम्बिनी प्रदेशका वन, वातावरण तथा पर्यटनमन्त्री तुलसी चौधरीले उद्योगीका समस्या तीनै तहका सरकारसँग जोडिएको बताउनुभयो। वहाँले रूपन्देही औद्योगिक क्षेत्रको केन्द्र तथा अर्थतन्त्रको जग भएको उल्लेख गर्दै उद्योग बलियो नभएसम्म सम्बन्धित क्षेत्रको विकास सम्भव नहुने धारणा राखे। उनले केही नीतिगत समस्याका कारण उद्योगीहरूले कठिनाइ भोग्नुपरेको बताउँदै बैंकको ब्याजदर घटे पनि उद्योगीहरूले सहज रूपमा ऋण प्राप्त गर्न नसकेको उल्लेख गरे।

सफल उद्योगीहरूमाथि भएका गलत व्यवहारले निजी क्षेत्रको मनोबल कमजोर बनाउँदै लगेको उनको भनाइ थियो। देखासिकी गरेर उद्योग व्यवसाय खोल्ने प्रवृत्तिले मात्रै उद्योगको स्थायित्व सुनिश्चित हुँदैन। उद्योगीहरूले नयाँ प्रविधिको प्रयोगमा जोड दिनुपर्छ, मन्त्री चौधरीले बताए। उद्योग स्थापना भएका स्थानमा पछि बस्ती विस्तार हुँदा उद्योग र स्थानीय समुदायबिच विभिन्न समस्या उत्पन्न हुने गरेको उनले बताए। उद्योगबाट हुने प्रदूषण नियन्त्रणका लागि आधुनिक प्रविधि प्रयोग गर्नुपर्ने र स्थानीय समुदायले पनि औद्योगिक गतिविधि तथा त्यसको व्यवस्थापनबारे बुझ्नुपर्ने उनको भनाइ थियो।

मन्त्री चौधरीले औद्योगिक क्षेत्रको व्यवस्थापन प्रभावकारी हुन नसकेको स्वीकार गर्दै प्रदेश सरकारले काम गर्न खोजे पनि संघीय सरकारबाट आवश्यक सहयोग र अधिकार प्राप्त हुन नसकेको बताए। रूपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य सुलभ खरेलले मुलुकमा अपेक्षित आर्थिक प्रजातन्त्र स्थापित हुन नसकेको जनाए। उनले अन्तर्राष्ट्रिय राजनीतिक समस्याका कारण मूल्यवृद्धि बढेको र बजारमा अस्थिरता देखिएको उल्लेख गरे। सरकारले चाहेजस्तो सेवा दिन नसकेको स्वीकार गर्दै वहाँले विगतमा देखिएका धेरै समस्या समाधानको प्रक्रियामा रहेको बताए। निजी क्षेत्रका प्रतिनिधिलाई सिधै पक्राउ नगर्ने प्रतिबद्धता प्रधानमन्त्रीबाट आएको उल्लेख गर्दै उनले सरकार र निजी क्षेत्रबीच सहकार्य तथा लगानीको वातावरण निर्माण आवश्यक रहेको धारणा राखे। सरकारका कमजोरी स्वीकार गरेर सुधार गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै सांसद खरेलले निजी क्षेत्रको विश्वास जित्न सके मात्रै लगानी र आर्थिक गतिविधि विस्तार हुने बताए।

कार्यक्रमका विशिष्ट अतिथि बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रा अर्यालले स्थानीय तहले गर्न खोजेका काममा विभिन्न अवरोध रहेको बताए। उनले वन स्रोतको उपयोग गर्न नपाइएको तथा बधशाला सञ्चालनसम्बन्धी विषय अदालतमा पुगेपछि संरचना प्रयोगविहीन भएर खण्डहर बन्न पुगेको उल्लेख गरे। स्थानीय सरकारले गरेका सकारात्मक कामको प्रचारप्रसार गर्न र कमजोरी देखिए त्यसलाई सुधार गर्न सहयोग गर्न उनले उद्योगी तथा सरोकारवालालाई आग्रह गरे।

» बाँकी ३ पेजमा

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

सुरज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भगतसिंह खड्का
अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# हिमाली जोखिमबाट जोगिने सार्मथ्य खोई ?

रसुवाको भोटेकोसीमा आएको बाढीले निम्त्याएको विध्वंसको पीडा आलै रहँदा बुढीगण्डकीमा आएको बाढीले आगामी दिनमा बढ्दो जोखिमको संकेत दिएका छन् । हिमाली क्षेत्रमा जाने पहिरोले हिमाली र मध्यपहाडमा विपत् जोखिमलाई बढाएको छ, जसको सामना गर्ने सार्मथ्य बढाउन नसक्ने हो भने हामी जोखिमको भयंकर दुष्चक्रमा फस्दै जाने छौँ ।

प्रारम्भिक अध्ययनअनुसार २५ असोजको बिहान गोरखाको चुमनुब्री गाउँपालिकाको माथिल्लो भेगमा पहिरो गएर बुढीगण्डकीमा बाढी आएको पाइएको छ। सुरुमा चुमनुब्री-६ को उङ्गिलुङ खोलाबाट आएको बहावले स्यारखोला थुनियो । थुनिएको खोलाको अवरोध फुटेपछि एक्कासी ठुलो बाढी गएको बताइएको छ । प्राप्त भएको भूउपग्रह तस्विरअनुसार चुमनुब्रीको माथिल्लो भेगको हिमनदी क्षेत्रबाटै पहिरो सुरु भएकोले रसुवा बाढी र बुढीगण्डकी बाढीको प्रकृति एउटै खालको देखिन्छ ।

रसुवा बाढीबाट  चार खर्ब आठ अर्ब २८ करोड रुपैयाँभन्दा बढीको क्षति तथा नोक्सानी पुगेको छ । एक हजार ४५७ जनाको मृत्यु भएको र चार हजार ७२० जना बेपत्ता छन् । बुढीगण्डकी बाढीले सय घरगोठ बगेको र १० जना बेपत्ता भएको प्रारम्भिक जानकारी छ । घटनामा भएको क्षतिको विस्तृत अध्ययन भइरहेको छ । एउटा विपत्को व्यवस्थापन गर्न नपाउँदै अर्को विपत्को सामना गर्नुपर्ने अवस्थाले समस्या झनै बढाइरहेको छ । चुलिएका चुनौतीको चाङ पूरा गर्न हामी कसरी लाग्ने ? तहगत सरकारबीच दरिलो सहकार्य हुन आवश्यक छ । पूर्वतयारी, प्रतिकार्य र पुर्नस्थापनामा योजनाबद्ध काम नहुने हो भने विपतबाट प्रभावितको ठूलो संख्या गरिबीको दुष्चक्रमा फस्दै जाने जोखिम बढेको छ ।

हिमाली क्षेत्रमा बाढी र पहिरोको जोखिम बढ्नुको कारण हिमालमा हिउँ कमी हुँदै जानु हो । जलवायु परिवर्तनले पृथ्वी तात्दै गर्दा त्यसको सिधा असर हिमाललाई गरेको छ । हिमाल पग्लिदै जाँदा हिउँले अठ्ठिएको चट्टान खुल्दै जाँदा पहिरोको जोखिम बढेको छ । त्यही पहिरोले नदी र खोला थुन्ने र फुट्ने प्रक्रियाले बाढीको जोखिम बढाएको छ । अब हिमाली क्षेत्रमा पूर्व सूचना प्रणालीलाई चुस्त बनाउन ढिलाई गर्न हुन्न । हिमाली क्षेत्रको संकट टार्न मित्रराष्ट्र चीनसँग समन्वय र सहकार्य उत्तिकै आवश्यक छ ।

# नेपाली कांग्रेसको राजनीतिक यात्रा र राष्ट्रिय स्वाधीनताको प्रश्न



**विनबहादुर कुँवर**

राष्ट्रिय हितविपरीतका निर्णयको प्रमाणसहित विरोध गर्नु, सार्वजनिक बहस चलाउनु र जनदबाब निर्माण गर्नु आजको आवश्य कता हो । देशको भविष्य यस्ता नेताहरूको आपसी समझदारीमा मात्र छाड्न सकिँदैन । त्यसको निर्णायक शक्ति सचेत र संगठित जनता नै हुनुपर्दछ ।

नेपाली कांग्रेसको राजनीतिक इतिहास राणाशासनविरुद्धको संघर्षसँग जोडिएको छ । त्यसबेला निरंकुश राणाशासनको विरोधमा उसले खेलेको सकारात्मक भूमिकालाई अस्वीकार गर्न मिल्दैन । तर कुनै पार्टीले हिजो एउटा सकारात्मक काम गऱ्यो भन्दैमा उसका पछिल्ला सबै नीति र व्यवहार पनि सकारात्मक नै हुन्छन् भन्ने हुँदैन । प्रश्न हिजोको योगदानको मात्र होइन, त्यस योगदानबाट प्राप्त जनविश्वासलाई पछि कहाँ र कसको हितमा प्रयोग गरियो भन्ने हो । नेपाली कांग्रेसको मूल्यांकन पनि यही आधारमा गरिनुपर्दछ।

२००७ सालको परिवर्तनसँगै राणा, राजा र काङ्ग्रेसबिचको त्रिपक्षीय दिल्ली सम्झौतामा भएको सत्ता साझेदारीले राणाहरूलाई समेत सरकारमा कायम राख्यो। यहाँ प्रश्न उठ्छ-राणाशासनविरुद्ध संघर्ष गर्ने जनताको आकांक्षा के राणाहरूसँगै सत्ता बाँडफाँट गर्नु मात्र थियो ? पुरानो शासनको अन्त्यका लागि उठेको आन्दोलनलाई सम्झौतामा सीमित गर्दा जनताको पूर्ण अधिकारको प्रश्न पछाडि परेको भन्ने आलोचनालाई सहजै पन्छाउन सकिँदैन । संघर्षमा जनताको साथ लिने तर सम्झौतामा पुरानै शक्तिलाई स्थान दिने प्रवृत्तिको समीक्षा यहीँबाट गर्नुपर्दछ।

२०१५ सालको निर्वाचनमा नेपाली कांग्रेसले दुईतिहाइभन्दा बढी स्थान प्राप्त गऱ्यो । तर त्यति ठूलो जनादेश हुँदाहुँदै पनि निर्वाचित सरकार राजाको प्रहारबाट जोगिन सकेन। २०१७ साल पुस १ गते राजा महेन्द्रले सरकार अपदस्थ गरी नेताहरूलाई गिरफ्तार गरे।

यस घटनाले जननिर्वाचित जनताको जनअधिकार र दरबारको शक्तिबिचको अन्तर्विरोधलाई खुलस्त पारिदियो । जनताको मतबाट प्राप्त अधिकारमाथि राजाले प्रहार गर्न सक्ने अवस्था रहुन्जेल प्रजातन्त्र कति सुरक्षित हुँदोरहेछ भन्ने त्यसको ऐतिहासिक शिक्षा हो।

यसको अर्थ कांग्रेसले त्यसपछि निरंकुशताविरुद्ध संघर्ष नै गरेन भन्ने होइन । तर राजतन्त्रसँगको सम्बन्ध र जनताको सर्वोच्चताकाबिच उसले अपनाएको राजनीतिक बाटोमाथि प्रश्न उठाउन पाइन्छ । पछि गणतन्त्र स्थापनाको प्रक्रियामा पनि कांग्रेस सहभागी भयो। त्यसैले सिंगो कांग्रेसलाई राजतन्त्रवादी भनेर मात्र मूल्यांकन गर्नु अधुरो हुन्छ । मूल प्रश्न भनेको गणतन्त्र स्वीकार गरिसकेपछि त्यसको मर्मअनुसार जनतालाई अधिकारसम्पन्न बनाइयो कि बनाइएन भन्ने हो । नाममा गणतन्त्र हुने, तर व्यवहारमा सत्ता केही नेता र गुटको वरिपरि घुमिरहने हो भने त्यसबाट जनताले के पाए ?

राष्ट्रिय स्वाधीनताको प्रश्नमा पनि यही प्रकारको समीक्षा आवश्यक छ । कोशी, गण्डक र महाकाली नदी सम्बन्धी सम्झौताहरू नेपालको जलस्रोत राजनीतिका महत्वपूर्ण विषय हुन् । यी सम्झौतामा पानीको उपयोग, सिँचाइ, विद्युत् तथा परियोजना सञ्चालनका अधिकार र जिम्मेवारी जोडिएका छन् । त्यसैले केवल सम्झौता भयो भन्ने आधारमा सफलता घोषणा गर्नु पर्याप्त हुँदैन । नेपालले कति लाभ पायो ? स्थानीय जनताले कस्तो असर बेहोरे ? नेपाली पक्षको अधिकार कति सुरक्षित भयो ? सम्बन्धित नेतृत्वले यी प्रश्नको ठोस जवाफ दिनुपर्दछ । भारतसँग सम्बन्ध राख्नु वा सहकार्य गर्नु आफैँमा विरोधको विषय होइन । तर मित्रताको अर्थ आफ्नो हितमाथि प्रश्नै नगर्नु पनि होइन । त्यसको दुरगामी असर अहिलेसम्म पनि देशमा परिरहेको छ।

राष्ट्रिय हितको रक्षा समानता, पारदर्शिता र आफ्नो निर्णय आफैँ गर्न सक्ने सामर्थ्यबाट हुन्छ । कुनै दलको विगतको योगदानले उसलाई त्यस्ता सन्धि-सम्झौतामाथिको सार्वजनिक जवाफदेहिताबाट छुट दिँदैन । कांग्रेस होस् वा अरू कुनै दल, देशको स्रोत र अधिकारसँग जोडिएका निर्णयको हिसाब जनतालाई दिनैपर्दछ।

अहिले कांग्रेसभित्र गगन थापा र शेरबहादुर देउवा पक्षबिचको विवाद छुट्टाछुट्टै महाधिवेशनको प्रक्रियासम्म पुगेको समाचार आएको छ । तर यहाँ पनि प्रश्न केवल कसले पार्टीको नेतृत्व लिने भन्ने होइन। नेतृत्व फेरिएसँगै नीति फेरिन्छ कि फेरिँदैन ? पुरानो नेतृत्वको कार्यशैलीको आलोचना गर्नेहरूले राष्ट्रिय स्वाधीनता, आर्थिक परनिर्भरता र जनताको अधिकारका विषयमा कस्तो फरक कार्यक्रम प्रस्तुत गरेका छन् ? अनुहार फेरिनु मात्र परिवर्तनको पर्याप्त प्रमाण होइन।

एमसीसीको विषयमा गगन थापाले अनुमोदनको पक्षमा भूमिका खेलेको सार्वजनिक अभिलेख छ। तर एमसीसी अनुमोदन देउवा नेतृत्वको सरकारकै समयमा भएको तथ्य पनि बिर्सन मिल्दैन। अर्कोतर्फ, सन् २०२२ जुनमा एसपीपी अघि नबढाउने निर्णय पनि देउवा नेतृत्वको मन्त्रिपरिषद्ले गरेको थियो। यी घटनालाई छुट्टाछुट्टै आधारमा बुझ्नुपर्दछ।

एमसीसीको समर्थन गरेकै कारण गगनलाई नेतृत्वमा स्थापित गरियो अथवा एसपीपी अस्वीकार गरेकै कारण देउवालाई किनारा लगाइयो भन्ने निष्कर्षका लागि थप प्रमाण चाहिन्छ। राजनीतिक आलोचना तीखो हुन सक्छ, तर त्यसको आधार पनि त्यत्तिकै स्पष्ट हुनुपर्दछ। सारमा देउवा गुट र गगनगुट बीच यो सवालमा त्यति भिन्नता देखिँदैन

अब गगन थापाले एसपीपी अघि बढाउँछन् वा घन्टी चुनाव चिह्न भएको राष्ट्रिय स्वतन्त्र पार्टीसँग एकता गर्छन् भन्ने कुरालाई पनि प्रमाणबिना निश्चित घटनाका रूपमा प्रस्तुत गर्न मिल्दैन । तर भविष्यमा ती दलहरु बीच त्यस्तो सहमति पनि नहोला भन्ने कुनै आधार पनि छैन।

त्यसैले यी दुई बिच कुनै सहकार्य हुन्छ भने त्यसको राजनीतिक आधार के हुनेछ भन्ने प्रश्न उठाउनु आवश्यक छ। त्यस्तो सहकार्य देशको राष्ट्रियता र जनताको जीवन सुधार्नका लागि हुनेछ कि सत्ता मिलाउनका लागि ? विदेशी सम्बन्धमा स्वतन्त्र निर्णयलाई बलियो बनाउन हुनेछ कि बाह्य निर्भरता बढाउनका लागि ? जनताले नारासँगै नीति र व्यवहार पनि हेर्नुपर्दछ।

निश्चय नै देशको राष्ट्रियता कुनै एउटा दलको निजी सम्पत्ति होइन । कांग्रेसको इतिहास देखाएर वर्तमानका कमजोरी छोप्न पाइँदैन, न त नयाँ पार्टीको नाम देखाएर उसका निर्णयमाथिको प्रश्न रोक्न पाइन्छ। नेपाली जनताले पुराना र नयाँ सबै दलसँग समान रूपमा जवाफ माग्नुपर्दछ । राष्ट्रिय हितविपरीतका निर्णयको प्रमाणसहित विरोध गर्नु, सार्वजनिक बहस चलाउनु र जनदबाब निर्माण गर्नु आजको आवश्य कता हो। देशको भविष्य यस्ता नेताहरूको आपसी समझदारीमा मात्र छाड्न सकिँदैन । त्यसको निर्णायक शक्ति सचेत र संगठित जनता नै हुनुपर्दछ।

राष्ट्रिय स्वाधीनता र जनताको सर्वोच्चता जिन्दावाद !

## सेयर बजारमा सामान्य वृद्धि



काठमाडौं । साताको पहिलो कारोबार दिन सोमबार सेयर बजार परिसूचक नेप्सेमा सामान्य वृद्धि देखिएको छ । नेप्से परिसूचक ४.०० अङ्कले बढेर २५९५.८१ विन्दुमा पुगेको छ।

बजारमा कुल २७७ कम्पनीको सेयर कारोबार भएको छ । जसमध्ये १०५ कम्पनीको सेयर मूल्य बढेको छ भने १६५ कम्पनीको मूल्य घटेको छ। ७ कम्पनीको मूल्य भने स्थिर रहेको छ।

बजार बन्द हुँदा कुल ४ अर्ब ४६ करोड २४ लाख रुपैयाँ बराबरको १ करोड २७ लाख १९ हजार ७३४ कित्ता सेयर किनबेच भएको छ।

बजारमा सर्वाधिक कमाउनेमा धौलागिरि लघुवित्तको सेयर मूल्य १४.९९ प्रतिशतले बढेर सर्वाधिक कमाउनेमा अगाडि रहेको छ। त्यसैगरी, स्कोनो रिभरको मूल्य १३.९२ प्रतिशतले बढेको छ। अरू कम्पनीहरूको उतारचढाव एकल अङ्कमा रहेको छ । कारोबार रकमको आधारमा कुमारी बैंक शीर्ष स्थानमा रहेको छ। उक्त कम्पनीको २५ करोड १९ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । त्यसैगरी, घलेम्दी हाइड्रो र साहस ऊर्जा क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् ।

समूहगत रूपमा हेर्दा बैंकिङ र ट्रेडिङ क्षेत्रमा एक प्रतिशत भन्दा धेरैको सुधार देखिएको छ । अन्य समूहमा सोभन्दा कमको मात्रै उतारचढाव छ।


## लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला सियारी गाउँपालिकामा कार्यान्वयन गरिने होटल निर्माण तथा संचालन आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको लागि प्रस्ताव कार्यान्वयन बाट पर्न सक्ने वातावरणीय प्रभावको क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०६/२७)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः एल.पि.आर. विजनेश हस्पिटालिटी प्रा. लि.<br>ठेगानाः सियारी गाउँपालिका - ५, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश, नेपाल ईमेलः info@lumbinipalace.com वेबसाईटः www.lumbinipalace.com<br>फोनः +९७७ ७१ - ५९७१५६,९७०५८५५३०१ |
| प्रस्तावको व्यहोरा | -कार्यान्वयन हुने स्थानः सियारी गाउँपालिका वडा नं. ५, दयानगर<br>-जग्गाको विवरणः जम्मा क्षेत्रफल १०,६२२.२२ वर्ग मिटर ( कित्ता नं. १३०, १३१, १३२, १३४, ६७६, ६७८, ६१८, ६१९, ६१४, ६२२ )<br>-जग्गाको प्रकारः निजी स्वामित्वमा रहेको जग्गा<br>-प्रस्ताव बारे सामान्य जानकारीः सियारी गाउँपालिका वडा नं ५ स्थित आधुनिक सुविधा सहितको होटल निर्माण तथा संचालन<br>-लगानी किसिमः निजी |
| प्रभाव पर्ने जिल्ला / गा.पा. | रुपन्देही जिल्ला / सियारी गाउँपालिका वडा नं. ५ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न सियारी गाउँपालिका वडा नं. ५ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव भए सो लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन, वातावरण तथा पर्यटन मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः एल.पि.आर. विजनेश हस्पिटालिटी प्रा. लि.<br>ठेगानाः सियारी गाउँपालिका - ५, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश, नेपाल<br>ईमेलःinfo@lumbinipalace.com वेबसाईटः www.lumbinipalace.com फोनः +९७७ ७१ - ५९७१५६,९७०५८५५३०१ |
| परामर्शदाताको नाम र ठेगाना | संस्थाः युनिभर्सल इन्जिनियरिंग कन्सलटेन्ट एंड बिल्डर्स<br>ठेगानाः तिलोत्तमा ०५ मणिग्राम<br>सम्पर्क नंः ९८६७१८९०५१<br>इमेलः uecb2017@gmail.com |



## सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

### मिनी कोल्ड स्टोर तथा सटरसहितको भवन सञ्चालन तथा व्यवस्थापनका लागि सिलबन्दी प्रस्ताव / दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२७

सन्धिखर्क नगरपालिका वडा नं. १ मा निर्मित मिनी कोल्ड स्टोर तथा सटरसहितको भवन कृषि उपजको सङ्कलन, भण्डारण, बजारीकरण तथा बिक्री वितरणका लागि प्रचलित कानुन र “सन्धिखर्क नगरपालिकाको कोल्ड स्टोर सञ्चालन कार्यविधि, २०८३” बमोजिम सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक योग्य संस्था, समूह, सहकारी, फर्म वा कम्पनीबाट रितपूर्वकको प्रस्ताव आह्वान गरिन्छ।

**उपलब्ध सेवा तथा शर्तहरुः**

१. नगरपालिकाले देहायको संरचना एकमुष्ट रूपमा सञ्चालन तथा व्यवस्थापनका लागि उपलब्ध गराईनेछ :
- १२ वटा सटर;
- ४ वटा मिनी कोल्ड च्याम्बर;
- भूइँतल्लाको १ वटा बहुउद्देश्यीय हल सहित भवन अगाडिको खुला क्षेत्र।

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरूः**
- आ.व. २०८३/८४ सम्म मान्य हुने फर्म/संस्था/ कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि। स्थायी लेखा नम्बर (PAN) र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
सञ्चालक/अधिकृत प्रतिनिधिको नागरिकताको प्रतिलिपि
कार्ययोजना, कबोल अङ्कसहितको आर्थिक प्रस्ताव र शर्त स्वीकार गरेको स्वघोषणा पत्र।
(ऐच्छिक) कोल्ड स्टोर / कृषि उपज व्यवस्थापन सम्बन्धी अनुभवको प्रमाण।

२. **प्रस्ताव फारम खरिद तथा पेश गर्ने प्रक्रियाः**
- **फारम दस्तुर**: रु. १,००० /- (फिर्ता नहुने)।
- **बैंक खाता विवरण**: राष्ट्रिय वाणिज्य बैंक, सन्धिखर्क स्थित खाता नं. ३०५०१००३०१०१०००२।
- **फारम खरिद गर्ने अन्तिम मिति**: २०८३/०७/१० गते कार्यालय समयभित्र।
- **सिलबन्दि दरभाउप त्र बुझाउने अन्तिम मिति**: २०८३/०७/११ गते दिनको १२:०० बजेसम्म।
- **सिलबन्दि दरभाउ पत्र खोल्ने मिति र समय**: दर्ता भएका प्रस्ताव /दरभाउपत्रहरु प्रस्तावदाताको प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा मिति २०८३/०७/११ गते दिनको १:०० बजे खोलिनेछ। प्रस्तावदाताको प्रतिनिधी उपस्थिति हुन नसकेमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन।

३. **मुख्य सर्त तथा व्यवस्थाहरू**

१. **भाडादर**: सम्पूर्ण संरचनाको **न्यूनतम मासिक भाडा करबाहेक रु**. ४०,००० (चालीस हजार रुपैयाँ मात्र) तोकिएको छ। इच्छुक प्रस्तावदाताले सो रकमभन्दा कम नहुने गरी आफूले कबोल गर्न चाहेको मासिक भाडा रकम स्पष्ट रूपमा अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ।
२. **भवन सञ्चालन तथा व्यवस्थापन**: प्रारम्भिक सम्झौता अवधि ३ (तीन) वर्ष हुनेछ। सम्झौता अवधिभर कबोल गरिएको वार्षिक भाडा रकममा वृद्धि गरिने छैन। ३ वर्षको अवधि समाप्त भएपछि कम्तीमा १० प्रतिशत भाडा रकम वृद्धि गरी सम्झौताको म्याद थप गर्न सकिनेछ। यसरी म्याद थप हुने अवधिका सर्तहरू दुवै पक्षको आपसी सम्झौताबमोजिम निर्धारण गरिनेछ।
३. **छनोटको आधार**: सबैभन्दा बढी वार्षिक भाडा कबोल गर्ने प्रस्तावदातालाई छनोट गरिनेछ। अङ्क बराबर भएमा अनुभव, कार्ययोजना वा गोलाप्रथाबाट निर्णय गरिनेछ।
४. **धरौटी रकम**: स्वीकृत प्रस्तावदाताले सम्झौता गर्नुअघि वार्षिक भाडाको ५ प्रतिशत धरौटी रकम जम्मा गर्नुपर्नेछ।
५. **भाडा भुक्तानी**: कबोल गरिएको भाडा रकम चौमासिक रूपमा (चौमासिक अवधि समाप्त भएको १० दिनभित्र) दाखिला गर्नुपर्नेछ। तर आर्थिक वर्षभित्रको भाडा रकम सोही आर्थिक वर्षको अन्तिम महिनामा दाखिला गर्नुपर्नेछ।
६. **सञ्चालन खर्च**: विद्युत्, पानी, सरसफाइ, सञ्चार, कर्मचारी तथा मर्मतसम्भार खर्च सञ्चालक स्वयंले व्यहोर्नुपर्नेछ।
७. **स्थानीय कृषकलाई प्राथमिकता**: अर्घाखाँची जिल्लाका कृषकहरूको कृषि उपज तोकिएको भाडादरमा अनिवार्य रूपमा भण्डारण गरिदिनुपर्नेछ।
८. **सञ्चालनसम्बन्धी खर्च तथा प्रयोग**: कोल्ड स्टोर तथा भवन सञ्चालनसँग सम्बन्धित विद्युत्, पानी, सरसफाइ, सञ्चार, कर्मचारी तथा कामदार, नियमित सञ्चालन, मर्मतसम्भार र अन्य उपभोग्य खर्च प्रस्तावदाताले स्वयं व्यहोर्नुपर्नेछ। भवन तथा कोल्ड स्टोरमा कृषि तथा पशुजन्य उत्पादनको सङ्कलन, भण्डारण तथा बिक्रीवितरण मात्र गर्नुपर्नेछ।
९. **बीमा तथा क्षतिपूर्तिः** भण्डारण गरिएको कृषि उपजको १०० प्रतिशत बीमा शुल्क सञ्चालकले व्यहोर्नुपर्नेछ। कुनै हानि-नोक्सानी भएमा बीमाले नव्यहोरेको रकम सञ्चालकले क्षतिपूर्ति दिनुपर्नेछ। भवन तथा कोल्ड च्याम्बरको बीमा नगरपालिकाले गर्नेछ।
१०. कोल्ड स्टोरेजको सम्पूर्ण प्राविधिक, आर्थिक तथा प्रशासनिक पक्षको व्यवस्थापन सञ्चालक स्वयंले गर्नुपर्नेछ।
११. अन्य सर्तहरू स्वीकृत कार्यविधि तथा सम्झौता-पत्रमा उल्लेख भएबमोजिम हुनेछन्।

**थप जानकारीका लागिः सन्धिखर्क नगरपालिकाको कृषि विकास शाखा वा सम्पर्क नं. ९८५११५२७५४ मा कृषि विकास अधिकृत रामबहादुर थापासँग सम्पर्क गर्न सकिनेछ।**

**प्रमुख प्रशासकीय अधिकृत**

**गौमुखीमा ...**

गाउँपालिकाले असुलउपर गर्नुपर्ने रकमको अवस्था, पुराना बेरुजु फछ्र्योटको प्रगति, बैंक हिसाबमा देखिएको अन्तरको कारण, अनियमित भनिएका खर्चको आधार तथा आर्थिक विवरणमा छुटेका कारोबारबारे सार्वजनिक रूपमा स्पष्ट पार्नुपर्ने मलेपले औंल्याएको छ।

सार्वजनिक बजेट जनताको कर र राज्यको स्रोतबाट परिचालित हुने भएकाले त्यसको प्रत्येक खर्चको हिसाब जनताले बुझ्न पाउनुपर्छ। महालेखाले औंल्याएका कमजोरी सुधार गर्ने, बेरुजु फछ्र्योट गर्ने र जिम्मेवार पक्षको जवाफदेहिता सुनिश्चित गर्ने काममा गाउँपालिका नेतृत्वको भूमिका महत्त्वपूर्ण हुनुपर्ने महालेखाको लेखापरिक्षकको प्रतिवेदन उल्लेख गरेको छ।

**१५ शैया अस्पताल निर्माणमा मनपरी आइटम**

पालिकामा आधारभूत १५ शय्या अस्पतालको निर्माण कार्यमा सम्झौताअनुसारका सामग्री हटाएर फरक सामग्री राखिएको आन्तिम प्रतिबेदनमा उल्लेख गरेको छ। लेखापरीक्षण प्रतिवेदनमा इपोक्सी र विनाइल फ्लोरिङ हटाएर टेराजो टायल तथा मेडिकल ग्रेड स्टेनलेस स्टिलको स्वचालित ढोकाको सट्टा आल्मुनियमको ढोका राखिएको उल्लेख छ। सार्वजनिक खरिद प्रक्रियाअन्तर्गत निर्माण सम्झौतामा रहेका आइटम परिवर्तन गर्दा त्यसको प्राविधिक औचित्य, स्वीकृति र लागतको आधार स्पष्ट हुनुपर्छ।तर प्रतिवेदनमा उल्लेखित विवरणले सामग्री प्रतिस्थापनको औचित्य र त्यसबाट परेको आर्थिक प्रभावबारे थप स्पष्टता आवश्यक देखाएको छ।अस्पतालजस्तो संवेदनशील संरचनामा स्वीकृत डिजाइन र गुणस्तरको मापदण्डअनुसार काम भए-नभएको, आइटम परिवर्तन कसको सिफारिसमा गरिएको र भेरिएसन आदेशको आधार के थियो भन्ने विषयमा गाउँपालिकाले जवाफ दिनुपर्ने देखिन्छ। सामग्री परिवर्तनबाट लागतमा परेको प्रभाव र निर्माण व्यवसायीलाई गरिएको भुक्तानीसमेत परीक्षण गरिनुपर्छ।

सार्वजनिक बजेटबाट निर्माण भइरहेको अस्पतालमा सम्झौताका आइटम परिवर्तनको औचित्य स्पष्ट नहुनु सामान्य विषय होइन। गाउँपालिकाले स्वीकृत भेरिएसन आदेश, प्राविधिक प्रतिवेदन, नापी किताब र भुक्तानी विवरण सार्वजनिक गरी वास्तविकता स्पष्ट पार्नुपर्ने उल्लेख गरेको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित विवरणले मात्रै भ्रष्टाचार प्रमाणित गर्दैन।तर सार्वजनिक निर्माणमा भएका परिवर्तनको औचित्य पुष्टि गर्ने र नागरिकको रकमको हिसाब पारदर्शी बनाउने जिम्मेवारीबाट गाउँपालिका उम्कन नमिल्ने देखिन्छ।

**उद्योगीका...**

स्थानीय सरकारका कामको आलोचना मात्र नभई सुधारका लागि रचनात्मक सुझाव दिनुपर्ने उनको भनाइ थियो।

साधारणसभामा उद्योगीहरूले उद्योग व्यवसायको विकासका लागि सरकारका नीति व्यवहारमै उद्योगमैत्री हुनुपर्ने धारणा राखे। उद्योग स्थापना तथा सञ्चालनका क्रममा करसम्बन्धी जटिलता, जग्गाको अभाव, नीतिगत अन्योल र प्रशासनिक समस्याले लगानी प्रभावित भएको उनीहरूको भनाइ थियो। कार्यक्रममा उद्योगी मेघराज भण्डारी, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे, पश्चिम नेपाल बस व्यवसायी संघका अध्यक्ष दधिराम खरेल, रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल, बेलहिया भन्सार कार्यालयका प्रमुख हरिहर पौडेल, संघका अध्यक्ष परिषद्का संयोजक तेजकुमार पाठक, संघका पूर्वअध्यक्ष तथा लुम्बिनी उद्योग परिसंघका लुम्बिनी अध्यक्ष एजाज आलम, राष्ट्रिय स्वतन्त्र पार्टी रुपन्देहीका अध्यक्ष महेन्द्र उपाध्याय, नेकपा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरे र श्रम संस्कृति पार्टीका अध्यक्ष छविलाल गुरुङलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव सुमन बस्यालले गरेका थिए।

वरिष्ठ उपाध्यक्ष जीवकान्तकाफ्लेले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा प्रथम उपाध्यक्ष हरिबहादुर खत्रीले धन्यवाद ज्ञापन गरेका थिए। साधारणसभाले कोषाध्यक्ष विशाल बेल्वासेले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन र महासचिव सुमन बस्यालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन पारित गरेको छ। कार्यक्रममा संघको आजीवन सदस्यता प्राप्त गर्ने तथा साधारणसभा सम्पन्न गर्न सहयोग पुऱ्याउने उद्योगीहरूलाई सम्मानसमेत गरिएको थियो। साधारणसभामा सहभागी उद्योगीहरूले औद्योगिक विकासका लागि सरकार, निजी क्षेत्र र सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको औंल्याएका थिए। उद्योगीका समस्या समाधान गर्न नीतिगत सुधार, कर प्रणालीमा सहजता, औद्योगिक क्षेत्रको व्यवस्थित विकास र उद्योग विस्तारका लागि आवश्यक जग्गाको व्यवस्था गर्नुपर्नेमा उनीहरुले जोड दिएका थिए।

## लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, बगनासकाली गाउँपालिका वडा न. १ मा प्रस्तावित पाल्पा भैरव ब्रिडिङ्ग फार्म सञ्चालन प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०६/२७)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः पाल्पा भैरव ब्रिडिङ्ग फार्म प्रा.लि.<br>(प्रकाशित मितिः २०८३/०६/२६)<br>ठेगानाः चिर्तुङ्गधारा, बगनासकाली गाउँपालिका-१, पाल्पा जिल्ला, लुम्बिनी प्रदेश फोन नं.: ९८५७०४२१५८ |
| प्रस्तावको व्यहोरा | -कार्यान्वयन हुने स्थान बगनासकाली गाउँपालिका- १, चिर्तुङ्गधारा, पाल्पा जिल्ला -जग्गाको विवरणः बगनासकाली गाउँपालिका- १. कि. न. १०४७, १०४८, ५०, ६१,६२,६३,६८,८०७, कुल क्षेत्रफल १७,७९९.८३ वर्ग मि.<br>-प्रस्ताव बारे सामान्य जानकारी : प्यारेन्ट कुखुरा पालन तथा ह्याचरी उद्योग संचालन<br>-कार्य लगानीः १,००,००,००० (१ करोड )<br>-लगानी किसिमः निजी |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | पाल्पा जिल्ला / बगनासकाली गाउँपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न बगनासकाली गाउँपालिका -०१ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन वातावरण तथा पर्यटन मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः पाल्पा भैरव ब्रिडिङ्ग फार्म प्रा.लि.<br>ठेगानाः चिर्तुङ्गधारा, बगनासकाली गाउँपालिका- १, पाल्पा जिल्ला, लुम्बिनी प्रदेश<br>फोन नं.: ९८५७०४२१५८ |
| परामर्शदाताको नाम र ठेगाना | टाइम्स सोलुशन प्रा. लि.<br>इमेलः times.solution81@gmail.com<br>सम्पर्क नंः ९८६७१८९०५१ |

## लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला सियारी गाउँपालिकामा कार्यान्वयन गरिने होटल निर्माण तथा संचालन आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको लागि प्रस्ताव कार्यान्वयन बाट पर्न सक्ने वातावरणीय प्रभावको क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३/०६/२७)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः ग्लोकल हस्पिटालिटी प्राइभेट लिमिटेड<br>ठेगानाः सियारी गाउँपालिका - ५, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश, नेपाल<br>ईमेलःinfo@lumbinipalace.com,<br>वेबसाईटःwww.lumbinipalace.com<br>फोनः +९७७ ७१ - ५९७१५६,९७०५८५५३०१ |
| प्रस्तावको व्यहोरा | -कार्यान्वयन हुने स्थानः सियारी गाउँपालिका वडा नं. ५, दयानगर<br>-जग्गाको विवरणः जम्मा क्षेत्रफल १२,२४६.०६ वर्ग मिटर (कित्ता नं. ११४, १२७, ७९६, ३९८, ७९५ )<br>-जग्गाको प्रकारः निजी स्वामित्वमा रहेको जग्गा<br>-प्रस्ताव बारे सामान्य जानकारीः सियारी गाउँपालिका वडा नं ५ स्थित आधुनिक सुविधा सहितको होटल निर्माण तथा संचालन<br>-लगानी किसिमः निजी |
| प्रभाव पर्ने जिल्ला/ गा.पा. | रुपन्देही जिल्ला / सियारी गाउँपालिका वडा नं ५ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न सियारी गाउँपालिका वडा नं. ५ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव भए सो लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन, वातावरण तथा पर्यटन मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः ग्लोकल हस्पिटालिटी प्राइभेट लिमिटेड<br>ठेगानाः सियारी गाउँपालिका - ५, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश, नेपाल<br>ईमेलः info@lumbinipalace.com वेबसाईटः www.lumbinipalace.com फोनः +९७७ ७१ - ५९७१५६,९७०५८५५३०१ |
| परामर्शदाताको नाम र ठेगाना | संस्थाः युनिभर्सल इन्जिनियरिंग कन्सलटेन्ट एंड बिल्डर्स<br>ठेगानाः तिलोत्तमा-०५, मणिग्राम<br>सम्पर्क नंः ९८६७१८९०५१<br>इमेलः uecb2017@gmail.com |

## लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. १६ मा प्रस्तावित साई कृपा प्याकेजिङ इण्डष्ट्रिज संचालन प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०६/२७)

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः साई कृपा प्याकेजिङ इण्डष्ट्रिज प्रा. लि.<br>ठेगानाः तिलोत्तमा नगरपालिका-१६, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश फोन नं.: ९८६७८५६१९५ |
| प्रस्तावको व्यहोरा | -कार्यान्वयन हुने स्थानः रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका-१६, बिहुली जग्गाको<br>-विवरणः तिलोत्तमा नगरपालिका-१६, कित्ता न. ( १३४०, १३४३, १६४५, १६४६) कुल क्षेत्रफल ७५१५.९८ वर्ग मि.<br>-प्रस्ताव बारे सामान्य जानकारी : दैनिक ५ मेट्रिक टन भन्दा बढी गुणस्तरीय प्याकेजिङ सामग्री उत्पादन<br>-लगानीः ८,००,००,००० (आठ करोड)<br>-लगानी किसिमः निजी |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | रुपन्देही जिल्ला / तिलोत्तमा नगरपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न तिलोत्तमा नगरपालिका - १६ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन, वातावरण तथा पर्यटन मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः साई कृपा प्याकेजिङ इण्डष्ट्रिज प्रा.लि.<br>ठेगानाः तिलोत्तमा नगरपालिका-१६, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश फोन नं.: ९८६७८५६१९५ |
| परामर्शदाताको नाम र ठेगाना | टाइम्स सोलुशन प्रा. लि.<br>इमेलः times.solution81@gmail.com<br>सम्पर्क नंः ९८६७१८९०५१ |

# Swargadwari Municipality
## Office Of Municipal Executive
Bhingri Pyuthan
Lumbini Province, Nepal

Date of Publication:2083-06-27

Swargadwari Municipality, Office of Municipal Executive Bhingri, Pyuthan invites a Hardcopy Bidding from Eligible bidders for the following works .

| Contract no. | Description | Estimated Amount (Without Vat and Contingencies but including Ps) | Bid security Validity Period | Bid Security Amount | Price of Bid Document | Last date Bid of bid submission | Bid opening date and address |
|---|---|---|---|---|---|---|---|
| 8/SWM/NCB/W/2083/84 | Ayurved Sewa Kendra Bhawan Nirman Yojana | Rs.30,08,017.14 | 120 days | Nrs.85,000 | 3000 | 16-07-2083 12:00Hrs | 16-07-2083 1:00Hrs Swargadwari Municipality office |
| 9/SWM/NCB/W/2083/84 | Construction of Shree Swargadwari Ne.Ra.Aa.Bi. Bhawan Nirman | Rs.25,78,950.25 | 120 days | Nrs.75,000 | 3000 | 16-07-2083 12:00Hrs | 16-07-2083 1:00Hrs Swargadwari Municipality office |
| 10/SWM/NCB/W/2083/84 | Ward No .7 ko Wada Karyalaya Bhawan Nirman Yojana | Rs.43,38,739.71 | 120 days | Nrs.120,000 | 3000 | 16-07-2083 12:00Hrs | 16-07-2083 1:00Hrs Swargadwari Municipality office |
| 11/SWM/NCB/W/2083/84 | Ward No .6 ko Wada Karyalaya Bhawan Nirman Yojana | Rs.43,31,883.27 | 120 days | Nrs.120,000 | 3000 | 16-07-2083 12:00Hrs | 16-07-2083 1:00Hrs Swargadwari Municipality office |

2. Details of Bank for Cost Bid DocumentM Agricultural Development Bank, Bhingri Branch Office Account no: 0924300982618169(Swargadwari Municipality Rajaswo Khata) and cash Deposit for Bid Security Agricultural Development Bank, Bhingri Branch, Deposit Account no. 0924300982618045(Swargadwari Municipality Dharauti Khata) Name of the Office: Swargadwari Municipality, office of the Municipal Executive, Bhingri, Pyuthan .
3. Eligible Bidders are advised to buy the bid document by 2083/07/15 B.S. at office hour from Swargadwari Municipality, Office of Municipal Executive Bhingri, Pyuthan, Telephone: 9868601187 and mailing Address: swargadwarimunicipality01@gmail.com
4. Interested and eligible bidders are required to submit an application to this office along with copies of the firm/company registration certificate, tax clearance certificate (2081/82) and evidence of payment of prescribed non-refundable fee. Upon submission of the required documents and payment of the prescribed fee, the complete set of bidding documents may be purchased from this office within office hours upto 2083/07/15 B.S. The duly completed bidding documents shall be submitted to this office on or before 12:00 Noon upto 2083/07/16 B.S.
5. The bid opening shall not be postponed even in the absence of bidders.
6. The Municipality reserves the full authority and right to accept or reject any or all bids.
7. Matters not covered by this notice shall be in accordance with public procurement act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendent.

**Chief Administration Officer**


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

